अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु डा.प्रदीप ढकाल, डा.मिलनकुमार थापा र अरुणकुमार श्रेष्ठ मु.नं (०८०-CR-०००४७) फैसला मिति २०८१/१/१८	सार्वजनिक सम्पत्तिको हिनाविना गरीभ्रष्टाचार गरेको।	**आयोगको माग दावी** •**मिलनकुमार थापा र डा. प्रदिप ढकालको हकमाः**प्रतिवादी डा. प्रदिप ढकाल, डा. मिलन कुमार थापालाईभ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको देखिएकोले निज **डा. प्रदिप ढकाल र डा. मिलनकुमार** थापालाई बिगो **रु.१,१७,०१,७८१.८५ (एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैया पचासी पैसा)** कायम गरी निजहरुलाई **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम ऐ.ऐ. ऐनको दफा ३ को उपदफा (१)** को (झ) बमोजिम कैद र ऐ.ऐ.ऐनको दफा ३ (१) बमोजिम बिगो बमोजिम जरिवाना हुन र **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७** बमोजिम निजहरुबाट बिगो रकमसमेत असुल गरी पाउँन साथै निज प्रतिवादी डा.प्रदिप ढकाल नेपाल सरकारबाट नियुक्ति भई श्रीपशुपति क्षेत्र बिकास कोष संचालक परिषद्को सदस्य सचिवको जिम्मेवारी प्राप्त गरी सार्बजनिक पदको जिम्मेवारीमा रहेको देखिदा निज उपर भ्रष्टाचार निवारण ऐन २०५९ को दफा २४ बमोजिम थप सजाय हुन समेत गरी पाउँ भन्ने समेत व्यहोराको आरोपदावी दायर भएको अवस्था देखिन्छ । •**प्रतिवादी** अरुण कुमार श्रेष्ठ**लाई** बिगो **रु.१,१७,०१,७८१.८५ (एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैया पचासी पैसा)** कायम गरी **निज** बिशेट नाईके अरुण कुमार श्रेष्ठ**लाईभ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम ऐ.ऐ. ऐनको दफा ३**	**फैसलाः** यसमा आरोपदावीवाट प्रतिवादीहरुलाई सफाई हुने ठहर गरी फैसला भएको । **विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः** •प्रस्तुत मुद्दामा प्रतिवादीहरुले के कुन कार्य गरी श्रीपशुपतिनाथ मन्दिरमा रहने सुनको जलहरी निर्माणका क्रममा १४९१.७१८ ग्राम सुन फरक पारी लापरबाही र बदनियत गरी हिनामिना, हानिनोक्सानी तथा दुरुपयोग गरी भ्रष्टाचारजन्य कसुर गरेकोभनी ठोस तथा बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था नदेखिएको ।	•प्रस्तुत मुद्दामा प्रतिवादी बनाईएका **डा.प्रदीप ढकाल** श्रीपशुपति क्षेत्र विकास कोष संचालक परिषद्का तत्कालीन सदस्य सचिव पदमा बहाल रहेको देखिन्छ भने अर्का प्रतिबादी **डा.मिलनकुमार थापा** श्रीपशुपति क्षेत्र विकास कोष संचालक परिषद्का तत्कालीन कोषाध्यक्ष तथा श्रीको जलहरी निर्माण व्यवस्था समितिका संयोजक भई हालका श्रीपशुपति क्षेत्र विकास कोष संचालक परिषद्का सदस्य-सचिव पदमा बहाल रहेको देखिनुको साथै प्रतिबादी **अरुणकुमार श्रेष्ठ** श्री पशुपतिनाथको जलहरी निर्माण व्यवस्था समितिबाट गठित कार्यटोलीका सदस्य तथा पशुपति क्षेत्र विकास कोषका बिशेट नाईके पदमा कार्यरत रहेको देखिदा श्रीपशुपतिनाथको जलहरी जस्तो सार्वजनिक सम्पतिको निर्माण कार्यमा यि प्रतिबादीहरु महत्वपुर्ण सार्वजनिक पदमा कार्यरत रहेको तथ्य पुष्टी हुन आएको छ। •श्रीपशुपतिको मन्दिरमा जलहरि निर्माणको लागी चाहिने बहुमुल्य सुन लगायतका धातुहरु आवश्यक पर्ने भएको श्री पशुपतिनाथ क्षेत्र बिकास कोषले आफ्नो ढुकुटीको रकमबाट नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको सुन १०३,७७३.१ ग्रामको शुद्व सुन (pure gold) १०२६१४.० ग्राम देखिन आएको, सुनको जलहरी निर्माणमा प्रयोग भएको सुन, चाँदी, तामासमेत गरी कुल १०६,४३२.५ ग्राम सुनको शुद्व सुन (pure gold) १०००८५.९ ग्राम शुद्व सुन देखिन आएको साथै रुद्रगाडेश्वरमा बाँकी रहेको चाँदी, तामासमेत गरी १०३७.५ ग्राम सुनको शुद्व सुन (pure gold) ९६२.६ ग्राम शुद्व सुन देखिएको, यसै गरी सुनको जलहरीमा प्रयोग भएको चाँदी, तामासमेत मिसावट गरी हुन आउने १०६,४३२.५ ग्राम सुन र रुद्रगाडेश्वरमा बाँकी रहेको चाँदी, तामा समेत मिसावट गरी हुन आउने १०३७.५ ग्राम सुन गरी जम्मा तौल १०७,४७०.० ग्राम सुनको शुद्व सुन (pure gold) १०१,०४८.५ ग्राम मात्र शुद्व सुन रहेको देखिन आएबाट नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको १०३,७७३.१ ग्राम सुनको शुद्व सुन (pure gold) १०२६१४.० ग्रामबाट सुनको जलहरी निर्माणमा प्रयोग भएको सुन तथा निर्माणका क्रममा बाँकी रहेको सुनसमेत गरी शुद्व सुन (pure gold) १०१,०४८.५ ग्राम सुन घटाउँदा १५६५.६ ग्राम शुद्व सुनको परिमाणमा अन्तर (फरक) देखिएकोले जर्ती बापत नेपाल राष्ट्र बैंकले प्रचलनमा ल्याएको जर्ती मापदण्ड अनुसार हुने ०.०७२% ले हुन आउने ७३.८८२०८ ग्राम सुन घटाउँदा बाँकी हुन आउने १४९१.७१८ ग्राम (एक किलो चार सय एकान्नब्बे ग्राम सात सय अठार मिलिग्राम) जलहरी निर्माणमा प्रयोगमा नआएकोले उक्त सुन हिनामिना तथा हानी नोक्सानी भएको तथ्य सुन खरिद गरिएका कागजातहरु, नापतौलका कागजातहरु तथा निर्माणको क्रममा खडा गरिएका मुचुल्काहरु समेतबाट पुष्टी हुन आएको छ। •नेपाल राष्ट्र बैंक, मुद्रा ब्यवस्थापन बिभागबाट प्राप्त पत्रमा गलान गर्ने कार्यमा ०.०३०%, पाता तथा चक्री निर्माण कार्यमा ०.०२०% र पोली (पाता चक्री सफाई कार्य) मा ०.०२२% गरी जम्मा ०.०.७२% सामान्य जर्तीको मात्रामा सुन प्रयोग हुने भन्ने समेत खुलि आएको र अनुसन्धानको क्रममा नेपाल गुणस्तर तथा नापतौल बिभागमा कार्यरत निरीक्षक बिशाल जिरेलसमेतले उपलब्ध गराईएको तथ्याङ्कहरुको आधारमा प्रतिवेदन तयार गरिएको र प्रतिबेदनमा उल्लिखित १.५६५६ के.जी. शुद्ध सुनको अन्तर बास्तबिक हो, यसबाट बास्तबिक शुद्व सुनको परिमाण यकिन गर्न सकिन्छ भन्ने समेतको बेहोरा खुलाई कागज गरेको देखिन्छ भने निजले सो व्यहोरालाई समर्थित हुने गरी अदालत समक्ष वकपत्र समेत गरेको अवस्था छ जसलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गर्न पर्ने नै देखिन्छ ।परिषद्का जिम्मेवार पदाधिकारीहरु श्रीपशुपति क्षेत्र बिकास कोषका तत्कालीन सदस्य सचिब डा. प्रदिप ढकाल र ऐ. कोषका तत्कालीन कोषाध्यक्ष हालका सदस्य सचिव डा. मिलन कुमार थापासमेतको निर्देशनमा रिङ्ग जडान

			को उपदफा (१) को (झ) बमोजिम कैद र ऐ.ऐ. ऐनको दफा ३(१) बमोजिम बिगो बमोजिम जरिवाना हुन र **भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७** बमोजिम निजबाट बिगो रकम समेत असुल उपर गरी पाउँ भन्ने समेत व्यहोराको दावी लिई आरोपत्र दायर भएको अवस्था देखिन्छ। **अदालतको फैसला** •प्रतिवादीहरु डा. प्रदिप ढकाल.डा.सुनिल कुमार थापा र अरुण कुमार श्रेष्ठलाई आरोपदावीवाट नै सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ ।		गर्ने तथा बाँकी रहेको सुन राख्ने क्रममा बिना मुचुल्का अनाधिकृत रुपमा गरेको भन्ने निजहरुको बयान कागजातसमेतबाट खुलेको हुँदा बदनियतपूर्वक सुनको जलहरी निर्माणको क्रममा हानिनोक्सानी भएको १४९१.७१८ग्राम सुनको नेपाल राष्ट्र बैंकसँग किनेको मूल्यमा पर्न आउने मुल्य रु.१,१७,०१,७८१.८५ (एक करोड सत्र लाख एक हजार सात सय एकासी रुपैया पचासी पैसा) मुल्य बराबरको सुन हिनामिना गर्ने कार्यमा यि प्रतिबादीहरु डा. प्रदिप ढकाल र डा. मिलन कुमार थापाको प्रत्यक्ष भूमिका समेत रहेको पुष्टि भईरहेको अवस्थामासो तर्फ अन्देखा गरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुर्टिपूर्ण रहेको छ। निज प्रतिबादीहरु डा. प्रदिप ढकाल र डा. मिलन कुमार थापाले हिनामिना गरेको भन्ने देखिरहेको अवस्थामा सो तथ्य तर्फ अन्देखा गरी निज प्रतिबादीहरु डा. प्रदिप ढकाल र डा. मिलन कुमार थापालाई आरोपदावी वाट नै सफाई दिने गरी भएको फैसला त्रुर्टि पुर्ण हुँदा वदरभागी रहेको छ । •प्रस्तुत मुद्दामा विश्वसम्पदाको सूचिमा रहेको श्रीपशुपतिनाथ मन्दिर जस्तो प्रसिद्ध पवित्र धार्मिकस्थलमा रहने सुनको जलहरी निर्माणका क्रममा प्रतिवादी अरूणकुमार श्रेष्ठ श्रीपशुपति क्षेत्र बिकास कोषले जिम्मा दिएको सम्पति सुरक्षित साथ राख्ने र कोषलाई आवश्यक परेको अवस्थामा दाखिला गराउने गरी जिम्मा लिई कार्यरत रहदै आएको र सुनको जलहरी निर्माणका क्रममा निर्माणस्थलको बिहान तथा दिउँसोको दुबै सिफ्टको कार्यटोलीमा खटिईएको जिम्मेवार ब्यक्तिले मिति २०७७/११/२० गतेका दिन कोषको आधिकारिक निर्णय, कोषका जिम्मेवार सदस्य तथा कार्यटोलीका सदस्यहरुलाई समेत तत्कालै जानकारी नदिई बिना नापतौल तथा मुचुल्का गैरजिम्मेवारी तवरले आफनो जिम्मामा रुद्रगाडेश्वर ज्यासलस्थित सेफमा बाँकी रहेको सुन रिङ्ग बनाउने भनी कोषका तत्कालीन कोषाध्यक्ष डा. मिलन कुमार थापाले निर्देशन दिदाँका बखत कुनै प्रतिबाद नगरी सुन उपलव्ध गराएको देखिन्छ। साथै सुनको जलहरी निर्माणमा प्रयोग भएको सुन, निर्माणका क्रममा बाँकी रहेको सुनसमेत के कति थियो भन्ने बिषयमा तत्काल तौल तथा मुचुल्कासमेत पारदर्शि रुपमा ब्यबस्थित नगरी बदनियत, लापरवाही तरिकाले आफुलाई दिएको जिम्मेवारीलाई बेवास्ता गरी जलहरीमा प्रयोग भएको चादी तथा तामा परिमाणमा फरक पारी सुनको परिमाण १४९१.७१८ ग्राम कम गरी चादी र तामाको परिमाणमा क्रमशः १०४१ ग्राम तथा ७३२.६२ ग्राम बृद्धि गरी सुनको हिनामिना गर्ने कार्यमा संलग्न रहेको देखिएको भन्ने देखिरहेको अवस्थामा निज प्रतिवादी अरूणकुमार श्रेष्ठ समेतलाई आरोपदावीवाट नै सफाई पाउने ठहरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुर्टिपूर्ण रहेको छ। •प्रतिवादीहरुको बदनियत भन्ने शब्दले कुनै काम गर्दा पछाडिको नराम्रो उद्देश्य वा गलत मनसायलाई बुझाउँछ। यसको अर्थ कुनै काम गर्दा सतही रूपमा देखिने कुरा भन्दा फरक, लुकेको र हानि कारक उद्देश्य हुनुपर्ने र यसमा कुनै कामलाई क्षति पुर्‍याउने मनसायले अरूलाई ठग्ने वा फाइदा लिन खोज्ने मनसाय कानुन विपरीतको काम गर्ने मनसाय वा अरू लाई हानि पुर्याउने मनसाय रहे भएको भन्ने अवस्थालाई बुझाउछ ।प्रस्तुत मुद्दामा प्रतिवादीहरुले आपसी मिलोमतोवाट नै नियतवस जानी जानी अरूण कुमार श्रेष्ठले श्रीपशुपति क्षेत्र बिकास कोषले जिम्मा दिएको सम्पति सुरक्षित साथ राख्ने र कोषलाई आबश्यक परेको अवस्थामा दाखिला गराउने गरी जिम्मा लिई कार्यरत रहदै आएको र सुनको जलहरी निर्माणका क्रममा निर्माणस्थलको बिहान तथा दिउँसोको दुबै सिफटको कार्यटोलीमा खटिईएको जिम्मेवार ब्यक्तिले मिति २०७७/११/२० गतेका दिन कोषको आधिकारिक निर्णय, कोषका जिम्मेवार सदस्य तथा कार्य टोलीका सदस्यहरुलाई समेत तत्कालै जानकारी नदिई बिना नापतौल तथा मुचुल्का गैरजिम्मेवारी तवरले आफनो जिम्मामा रुद्रगाडेश्वर ज्यासल स्थित सेफमा बाँकी रहेको सुन रिङ्ग बनाउने भनी कोषका तत्कालीन कोषाध्यक्ष डा. मिलन कुमार थापाले निर्देशन दिदाँका बखत कुनै प्रतिबाद नगरी सुन उपलव्ध गराएको भन्ने देखिरहेको अवस्थामा प्रतिवादीहरुको वदनियत नरहेको भन्ने आधार ग्रहण गरी विशेष अदालतवाट प्रतिवादीहरुलाई **आरोपदावीवाट सफाई दिने ठहर गरि भएको विशेष अदालत काठमाण्डौको**

					फैसला त्रुटिपूर्ण रहेकोले वदरभागी छ। • अख्तियार दुरूपयोग अनुसन्धान आयोग भ्रष्टाचारजन्य कसूरको अनुसन्धान, तहकिकात र अभियोजन गर्ने संवैधानिक निकाय हो। भ्रष्टाचारजन्य कसूर भएको भन्ने सुचना प्राप्त हुना साथ छानबिनको लागी सक्रिय हुने आयोगको कर्तव्य र जिम्मेवारी नै हो। आयोगबाट छानबिनको लागी खटिएको अनुसन्धान अधिकृतको टोलीले रीतपुर्व पशुपति क्षेत्र बिकास कोषमा प्रतिनिधीहरु र अन्य स्थानिय सरोकारवालाहरु कै रोहवरमा मुचुल्का गरि सुनको नापतौल समेतका कार्य गरेको देखिन्छ। श्री पशुपतिनाथको जलहरी निर्माणको क्रममा नेपाल राष्ट्र बैंकबाट खरिद गरिएको सुनको परिमाण १४९१.७१८ ग्राम कम गरी चादी र तामाको परिमाणमा क्रमशः १०४१ ग्राम तथा ७३२.६२ ग्राम बृद्धि गरी सुन हिनामिना गरिएको तथ्य स्पष्ट रुपमा उल्लेख गरि प्रतिबेदन पेश भएको देखिन्छ। प्रतिबादीहरुले अदालतमा बयान गर्दा जलहरि निर्माण स्थल रुद्रगाढेश्वार ज्यासलमा बडारकुडारको क्रममा फेला परेको सुन भनि उल्लेख गरेको सुन आयोगमा छानबिनको क्रममा खटिएको टोलीले पहिले नै मुचुल्का गरि उठाई नापतौल गरिएको सुन हो। यि प्रतिबादीहरुले जलहरी निर्माणको क्रममा निर्माण स्थलमा सुन लुकाइ ६२३ ग्राम फेला परेको भनि आफ्नै गफमेलका मानिसहरु राखि एकलौटी तरिकाबाट आफै मुचुल्का पटक पटक त्यही सुनलाई उठाएको भनि जिकिर लिएको देखिन्छ। जलहरी निर्माणको क्रमा खरिद गरिएको सुनलाइ हानी नोक्सानी गरि त्यसलाई पुर्ति गर्नको लागी प्रतिबादीहरुले अबैद तरिकाले अन्य सुनलाई देखाउन खोजेको देखिन्छ। बिशेष अदलतबाट फैसलाको क्रममा प्रतिबादीहरुले आफ्ने तरिका मुचुल्का गरि देखाएको ६२३ ग्राम सुन गणना गर्दा समेत निज प्रतिबादीहरु कै गणना अनुसारमा पनि १०८.५६ ग्राम सुन पुग्न नसकेको तथ्यलाई अदालतले एका तर्फ स्वीकार नै गरेको देखिन्छ। अर्को तर्फ यि प्रतिबादीहरुलाई सफाई दिन कै निमित्त जर्ति गणना भई गरि एकिन गरिएको सुनलाइ पुन जर्ति गणना कै आधार लिई जलहरीमा कुनै परिणामको सुनमा कमी छैन भनि ठोकुवा आधार लिई प्रतिबादीहरुलाई सफाई दिन भएको फैसला त्रुटि पुर्ण रहेको छ। • जलहरी निर्माणको क्रममा सेफमा सुन राख्दा र झिक्दा तीनवाट साँचोको व्यवस्था गरि गरेतापनि दुई जना प्रतिनिधीको सहभागितामा ताला खोल्न सकिने अवस्था देखिन्छ भने नेपाल सेनाको प्रतिनिधीसँग ताला रहे तापनि सेनाले बाहिरी सुरक्षा मात्र दिने गरेको देखिन्छ। उक्त निर्माण कार्यमा कालीगढ सुरक्षाकर्मीहरु समेतको सहभागिता रहेन भएतापनि निजहरुको परिचालन तथा खटन पटन यि प्रतिबादीहरुबाट भएको देखिन्छ। पशुपति क्षेत्र बिकाश कोष रकम तथा सार्वजनिक सम्पतिको संरक्षण गर्ने दायित्व तथा जिम्मेवारी उक्त कोषको सदस्य सचिव प्रतिबादी **डा.प्रदीप ढकाल,** श्रीपशुपति क्षेत्र विकास कोष संचालक परिषद्का तत्कालीन कोषाध्यक्ष तथा श्रीको जलहरी निर्माण व्यवस्था समितिका संयोजक **डा.मिलनकुमार थापा** कोषाध्यक्ष र जलहरी निर्माण व्यवस्था समितिबाट गठित कार्यटोलीका सदस्य तथा पशुपति क्षेत्र विकास कोषका बिशेट नाईके पदमा कार्यरत अरुण कुमार श्रेष्ठको रहेको देखिन्छ। यि प्रतिबादीहरुले निर्माण गरेको जलहरी मुल पुजारी रावल गणेश भट्टलाई बुझाएको देखिन्छ । मुद्दाको अनुसन्धानको क्रममा उक्त जलहरी निर्माणमा संलग्न कालिगढ सुरक्षाकर्मी समेतलाई बुझिएको छ। यि प्रतिबादीहरु **डा.प्रदीप ढकाल, डा.मिलनकुमार थापा** र अरुण कुमार श्रेष्ठ मुख्य नेतृतवकर्ता भई निर्माण गरेको जलहरीमा १४९१.७१८ ग्राम कम नै रहेको र उक्त सुन हाल सम्म पनि परिपुर्ति नभई यि प्रतिबादीहरुको कार्यबाट नै नोक्सानी भएको तथ्य स्थापित भई रहेको अवस्थामा निर्माण कार्यमा संलग्न लगाए अर्याए अनुसार काम गर्ने कालीगढ तथा बाहिरी घेरामा सुरक्षा दिने सुरक्षाकर्मी समेतलाई प्रतिबादी नबनाएको भन्ने जस्ता आरोप लगाइ अदालत नै अभियोजनकर्ताको भुमिका निभाए जस्तो गरि दावी लिईएका प्रतिबादीहरुलाइ सफाइ दिन कै लागी Selective prosecution गरियो भन्ने भाष्य खडा गरि प्रतिबादीहरुलाई सफाइ दिई भएको फैसला प्रमाण मुल्याकनको रोहमा त्रुटीपुर्ण रहेको छ। संविधान बमोजिम गठित निकाय अख्तियार दुरूपयोग

					अनुसन्धान आयोगले कानूनको रीत पुर्‍याई गरेको काम कारवाहीमा अदालतले अनावश्यक टिप्पणी हाल्नु भनेको असाधारण अपवाद हो । Selective prosecution भन्ने ठहर गर्न लागि त्यस्तै पर्याप्त प्रमाणको आवश्यकता र सो प्रमाणबाट बस्तनिष्ठ रुपमा पुष्टि हुनु पर्नेमा कोरा कल्पनाको आधारमा गरिएको टिप्पणी बदर भागी रहेको छ। • अख्तियार दुरुपयोग अनुसन्धान आयोग एक स्वतन्त्र सबैधानिक निकाय हो ।भ्रष्टाचारजन्य कसुरको अनुसन्धान र अभियोजन गर्ने संबैधानिक जिम्मेवारी प्राप्त गरेको निकायले कसै प्रति पुर्वाग्रह राखेर असमान र कपटपुर्ण अभियोजन गर्नु पर्ने अवस्था छैन। श्री पशुपतिनाथ मन्दिर जस्तो पवित्र धार्मिक स्थल चडाउनको लागी बनाइएको जलहरी निर्माणको क्रममा सुनको अनियमितता भएको, घटी सुन प्रयोग गरि बढी देखाईएको, प्रतिबादीहरुले निर्माण गरेर मन्दिरमा चडाई सकिएको जलहरीमा यि प्रतिबादीहरुले नै घोषणा गरे अनुसारको सुनको परिमाण नभई १४९१.७१८ ग्राम कम नै रहेको देखिएकोले उक्त सम्पतिको संरक्षण गर्नु पर्ने, निर्णाण कार्यमा पर्याप्त ध्यान दिनु पर्ने, निगरानी राख्नु पर्ने कर्तव्य र जिम्मेवारी तोकिएका यि प्रतिबादीहरुको दोषपुर्ण कार्यको आधारमा अभियोजन गरिएको हो । मिशिल संलग्न सुन खरिदका कागजजात, सुन लगायत अन्य धातुको तौल मुचुल्का, सर्जनमिन मुचुल्का, नेपाल राष्ट्र बैंकबाट कायम गरिको सुनको शुद्धताको परिक्षण, जर्ति गणनाको आधार, बुझिएका सम्बद्ध व्यक्तिहरुको भनाई, स्वयं प्रतिबादीहरुको बयान समेतका आधारमा यि प्रतिबादीहरु उपर अभियोजन गर्नु पर्नाको आधार र कारण पुष्टी भई रहेको अवस्था छ। सार्वजनिक पदाधिकारीले गरेको भ्रष्टाचारजन्य काममा कुनै कारवाही नहुँदा कानूनको शासन र सामाजिक सुव्यवस्था कमजोर हुन्छ भन्ने देखिदा देखिदै उक्त तथ्य तथा प्रमाणहरुको उपेक्षा गरि उल्टै अभियोजक निकायलाई नै दोषारोपण गरि प्रतिबादीहरुलाई सफाई (clean chit) दिई भएको फैसला त्रुटी पुर्ण रहेकोले बदर भागी रहेको छ। • यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालतबाट “अमुक व्यक्तिलाई कुनै अमुक मुद्दामा सजायको मागदाबी लिई अभियोजन गर्नु भनी मुद्दाको रोहमा आदेश गर्नु संवैधानिक र कानूनी व्यवस्थाको विपरीत हुनुको साथै स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणा र मूल्यमान्यताको विपरीत हुने देखिने ” ने.प.का. २०७२अंकः ६ निर्णय नं ९४१४ मा प्रतिपादित सिद्धान्त ,संविधानबमोजिम गठित निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानूनको रीत पुर्‍याई गरेको काम कारवाहीमा अदालतले हात हाल्नु भनेको असाधारण अपवाद हो भनि ने .प.का. **२०७४** अंकः **३** निसम्बन्धी अख्तियार दुरुपयोग“ ,मा प्रतिपादित सिद्धान्त ९७८३ नं. प्रश्नको अनुसन्धान र अभियोजनको लगी संविधानले नै विशेष व्यवस्था गरेको अवस्थामा सो सम्बन्धी ,अन्तिम निर्णय लिने अधिकार तत् तत् निकायमा नै रहेको मान्नु पर्नेअदालत स्वयंले अभियोजन कर्ता जस्तो अभियोजन सम्बन्धी अमुक निर्देशन वा आदेश जारी गरेमा सो न्यायिक निर्णय सरह भई पछी मुद्दा चलाउदा सम्बन्धित पक्षले निश्पक्ष सुनुवाई नपाउने संभावना रहने र निश्पक्ष न्याय पाउने बाधा पर्ने सक्ने अवस्था श्रृजना हुने ” ने मा प्रतिपादित सिद्धान्त समेतको आधारमा ९४९४ .न.नि १० अंक २०६७ प.का. Selective prosecution को तथ्य उठाई प्रतिबादीहरुलाइ सफाइ दिई विशेष अदलतबाट भएको फैसला त्रुटीपुर्ण रहेको छ। • अतः प्रस्तुत मुद्दामा उल्लिखित आधार कारण र प्रमाणहरुबाटप्रतिवादीहरु डा. प्रदीप ढकाल डा. मिलन कुमार थापा र अरूण कुमार श्रेष्ठसमेतलाई आरोपदावी सफाई दिने गरी भएको प्रस्तुत फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपुर्ण देखिएकोले उक्त फैसला बदर गरि निज प्रतिवादीहरु उपर आरोपपत्र मागदाबी बमोजिम सजाय गरी सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ।